बैठक संख्या १८

आज मिति २०८२/०३/०८ गते आइतवारका दिन बिहान १०:३० बजे यस आ.व. अन्तर्गत रामपुर नगर कार्यपालिकाको १८ औं बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण बहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल बहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

CamScanner

## रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को अठारौ कार्यपालिका बैठकको

### प्रस्तावहरु

१.गरिमामय नगर सभाको १७ औ अधिवेशनमा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तथा बजेट पेश सम्बन्धमा ।

२.नगर सभा सञ्चालन कार्यसूची सम्बन्धमा ।

३.कार्य परामर्श समिति बैठक सम्बन्धमा ।

४.विविध

### निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा २०८२/०३/०८ गते, दिउँसो १:०० बजेबाट हुन गइरहेको यस रामपुर नगरपालिकाको गरिमामय नगर सभाको १७ औ अधिवेशमा नगर प्रमुख तथा नगर सभाध्यक्षज्यूले वार्षिक नीति तथा कार्यक्रम साथै नगर उप-प्रमुखज्यूले आ.व. २०८२/०८३ को आर्थिक विधयेक, विनियोजन विधयेक पेस गर्ने साथै लेखा समिति, अनुगमन तथा सुशासन समिति, न्यायिक समितिको वार्षिक प्रतिवेदन समेत पेश गर्ने निर्णय गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिल बमोजिमको कार्यसूची हुने गरी सभा संचालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यसूची | प्रस्तुतकर्ताको नाम |
|---|---|---|
| १ | नगर सभाको १७ औं अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने । | सचिवः- श्री सुर्य दर्शन पण्डित |
| २ | अधिवेशन सफलताको स्वागत मन्तव्य | नगरप्रवक्ता श्रीः- कपिल बहादुर खाँण |
| | शुभकामना मन्तव्य | श्री :<br>श्री : |
| ३ | शून्य समयको प्रयोग | श्रीः इच्छुक सभासदस्यहरु |
| ४ | विशेष समयको प्रयोग | श्रीः इच्छुक सभासदस्यहरु |
| ५ | लेखा समितिको वार्षिक प्रतिवेदन | संयोजकः- श्री तेज बहादुर राना |
| ६ | अनुगमन तथा सुशासन समितिको वार्षिक प्रतिवेदन | संयोजकः- श्री मोहन सिं राना |
| ७ | न्यायिक समितिको वार्षिक प्रतिवेदन | संयोजकः श्री खेमराज अधिकारी |
| ८ | आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत, | नगर सभाध्यक्षः- श्री रमण बहादुर थापा |

Shagun

CS CamScanner

| | | |
|---|---|---|
| ९ | आर्थिक ऐन र विनियोजन बजेट प्रस्तुतिकरण | नगरसभा उपाध्यक्षः-श्री बाल कुमारी थापा |
| १० | सम्मान तथा पुरस्कार वितरण सम्बन्धी विवरण प्रस्तुत | नगर सभा सचिवः- श्री सुर्य दर्शन पण्डित |
| ११ | सभा समापन<br>सभा स्थगितको सूचना वाचन | नगर सभाध्यक्षः- श्री रमण बहादुर थापा<br>नगर सभा सचिवः- श्री सुर्य दर्शन पण्डित |

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा कार्यपरामर्श समितिको बैठक नगर सभा सञ्चालन कार्यसूची सम्बन्धमा, शुभकामना मन्तव्य राख्ने वक्ता सम्बन्धमा, शुन्य समय र विषेश समयको प्रयोग सम्बन्धमा, निर्णायक मत प्रदान गर्ने सम्बन्धमा, सभा अन्त्य वा स्थगित सम्बन्धमा, विविध लगायतका विभिन्न विषयमा छलफल गर्नका लागि कार्यपरामर्श समितिको बैठक बस्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा विपद् व्यवस्थापन कोष खर्च शीर्षकबाट तपसिल बमोजिमका शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

| क.सं. | नामथर | ठेगाना | विवरण | राहत लिएको रकम |
|---|---|---|---|---|
| १ | गनमाया घर्ती | रा.न.पा-६ | निजको छोरा विनोद भुजेलको अल्पआयुमा नै मृत्यु भएकोले काजक्रिया खर्च | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| २ | राजेन्द्र भुसाल | रा.न.पा-९ | निजको बुबा ऋषिरा भुसाल | रु १०,०००/-(रु दश हजार मात्र) |
| ३ | धन बहादुर वि.क. | रा.न.पा-१ | निजको श्रीमती तारा वि.क.को खुट्टाको घुडाँ भन्दा तल विभिन्न समस्या भएको | रु १०,०००/-(रु दश हजार मात्र) |
| ४ | तुल बहादुर थापा | रा.न.पा-२ | बिरामी भएको उपचार गर्न घरको आर्थिक अवस्था कमजोर | रु १०,०००/-(रु दश हजार मात्र) |
| ५ | शंकर प्रसाद पौडेल | रा.न.पा-६ | निजको घर जाने बाटोमा पहिरो गएकोले उक्त पहिरो व्यवस्थापनका लागि ३ वटा ह्युम पाइप | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |

५. निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा विभिन्न आर्थिक सहयोग तपसिल बमोजिमका शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

CamScanner

तपसिलः

| क.सं. | नामथर | ठेगाना | विवरण | रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १ | हेक्लाङ फाट खानेपानी योजना | रा.न.पा-१०,पाल्पा | उक्त खानेपानी योजनाका लागि पाईप खरिद गर्न आवश्यक भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | नगर स्तरीय खानेपानी मर्मत तथा निर्माण खर्च |
| २ | बर्दिखोला कुलो निर्माण | रा.न.पा-१०,पाल्पा | उक्त कुलो निर्माणका लागि आवश्यक रकम माग | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ३ | नेपाल शिक्षक महासंघ | रामपुर, पाल्पा | विभिन्न शैक्षिक कार्यक्रम संचालन गर्नका लागि | रु ३०,०००/- (रु तीस हजार मात्र) | विभिन्न संघ संस्थाका विद्यालय सहायता खर्च शीर्षक |
| ४ | सशस्त्र प्रहरी बल, नेपाल, नं. ३५ गुल्म हे.क्वा.पाल्पा | पाल्पा | कार्यालय परिसर भित्र नं. २ गेटदेखि ब्यारेक एरियासम्म बाटो ढलान गर्नका लागि सिमेन्ट बोरा ४० उपलब्ध गराइदिन | रु २४८६०/-(रु चौबिस हजार अठचालिस आठ सय साठी) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ५ | हाम्दी पाटी खण्ड उपभोक्ता समिति | रा.न.पा-१० | उक्त खण्डमा पाईप पहिरोले चापिइ फुटेकोले पाइप आवश्यक रहेको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ६ | अच्युत राज ढकाल | रा.न.पा-८ | वडा नं. ७ तुरुन्दी खोलाबाट वडा नं. ८ जाने बाटोमा पहिरो गएकोमा मर्मत गरिएकोमा ठाँउमा माटो पुर्न आवश्यक रकम | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ७ | एक्लेटारमा रहेको एक्लेखेत हिउँदे सिचाँइ | रा.न.पा-८ | एक्लेखेत मोटरबाटो मर्मत | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ८ | बर्दले फाँट सिचाई योजना | रा.न.पा-१० | २०८१ असोज ११ र १२ गते आएको बाढीको कारणले १ एकुइडक्ट भाचिएको | रु ५०,०००/-(रु पचास हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च/ |

६.निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा भएका कार्यपालिका बैठकको निर्णय, नगर प्रमुखज्यू स्तरबाट र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका निर्णयानुसारका खर्चहरु, विपद व्यवस्थापन, नगरस्तरीय मर्मत तथा निर्माण, नगरस्तरिय खानेपानी निर्माण तथा मर्मत, विविध खर्च, विभिन्न संघ,संस्थालाई आर्थिक सहायता, आ.व. २०८१/०८२ मा कार्यालयको कामकाजले नगर प्रमुखज्यू पाल्पा जिल्ला भन्दा बाहिर ३ (तिन)

Shagun

भन्दा बढि दिन जानुभएको भ्रमण काज, जनप्रतिनिधि सुविधा, कर्मचारी प्रोत्साहन भत्ता, योजना तथा कार्यक्रम लगायतका अन्य विभिन्न भुक्तानी, अख्तियार, महालेखापरीक्षकका परिक्षक लगायत अन्य कार्यालयबाट प्राप्त भएका परिपत्रको कार्यान्वयन अनुमोदन तथा स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

७ निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा करार सेवा अन्तर्गत कार्यरत कर्मचारीहरुको मिति २०८२ साल असार मसान्तमा करार म्याद सकिने हुदा करार म्याद थप गर्नका लागि नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत विभिन्न पदमा कार्यरत उत्कृष्ट कर्मचारीसबैभन्दा बढि राजश्व दाखिला ग ,र्ने उत्कृष्ट करदाताउत्कृष्ट टोल विकास संस्थाहरुलाई तपसिल , बमोजिम सम्मान गर्ने निर्णय गरियो ।

| क.सं. | नाम,थर | विवरण |
|---|---|---|
| १ | तिल कुमारी राना झेडी | स.ई.रामपुर नगरपालिका घर नक्शा शाखामा कार्यरत साथै वडा नं.४ प्राविधिक कर्मचारी |
| २ | तारानाथ पोखरेल | वडा सचिव रा.न.पा-२, पञ्जिधिकारी रा.न.पा-१ |
| ३ | रिता खण्डलुक | आधारभुत स्वास्थ्य केन्द्र, बिरेन्द्रटार रा.न.पा. ७ अ.हे.ब., खोप सम्बन् कार्यमा फिल्डमा खटिनुभएको |
| ४ | शर्मीला भण्डारी | गेझा स्वास्थ्य चौकी ,रा.न.पा. १०,अ.न.मी.,बर्थिङ्ग सेन्टरमा खटिनुभएको |
| ५ | दान बहादुर राना | सवारी चालक |
| ६ | संगम टोल विकास संस्था, सचिव विष्णु सेन | टोल विकास संस्था, रा.न.पा-४ |
| ७ | व्ल्डलिङ्क कम्युनिकेशन , रा.न.पा-५, Unit Incharge मधुसुदन पंगेनी | सबैभन्दा धेरै कर तिर्ने व्यवसायी |
| ८ | सुदिप गौतम | अध्यक्ष ज्योतिपुञ्ज युवा क्लब,उत्कृष्ट युवा क्लब |

CamScanner

| | | |
|---|---|---|
| ९ | विष्णु पंगेनी | रामपुर नगरपालिका वडा नं. ६ फरक क्षमता भएका व्यक्तिहरुको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको |
| १० | दुर्गेश मल्ल | रामपुर नगरपालिका वडा नं. ३ बस्ने नेपाल पत्रकार महासंघ पाल्पाका सहसचिव तथा कटुवाल खबर डटकमका सम्पादक |
| ११ | सीता डोटेल | रामपुर नगरपालिका वडा नं.५ निवासी सबल न्युज डटकमका सम्पादक पत्रकार |
| १२ | रमा भण्डारी | रामपुर नगरपालिका वडा नं.५ निवासी सामुदायिक रेडियो रामपुरका पत्रकार |

९. निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगर प्रमुखज्यू स्तरबाट र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका नगरपालिकाको विनियोजन ऐन र कार्यपालिकाका निर्णयानुसार भएका खर्चहरु अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा पाल्पा जिल्ला खेलकुद विकास समितिको पत्र संख्या ०८१/०८२, च.नं. ९३, मिति २०८२/०२/२९ गतेको पत्रानुसार मिति २०८२/०२/१४ गतेको बैठक बमोजिम जिल्ला समन्वय समितिको समन्वयमा प्रत्येक स्थानीय तहहरुसँग रु २५,०००/- का दरले माग गर्ने निर्णय भए बमोजिम उक्त रकम विनियोजन गरिदिनुहुन भनी लेखि आएकोमा कार्यपालिका बैठकमा छलफल हुँदा उक्त खेलकुद विकास समितिको नाममा उक्त रकम उपलब्ध गराउने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिन्धुली जिल्ला मरिन गाँउपालिका वडा नं. २ सखौरी निवासी वर्ष ४० का तारा कुमारी पुलामी सवार मोटरसाइकल दुर्घटनामा परी गम्भिर घाइते भई निज हाल राष्ट्रिय ट्रमा सेन्टर अस्पताल काठमाडौमा उपचार गरिरहेको र निजको आर्थिक अवस्था एकदमै कमजोर भएकोले आर्थिक सहयोग गरिदिनुहुन भनी पुन्यवती जोशीले मिति २०८२/०२/१९ गते निवेदन पेश गरेकोमा विपद् व्यवस्थापन कोष शीर्षकबाट कट्टा हुने गरी रु १०,०००/-(रु दश हजार) उपलब्ध गराउने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को रामपुर नगरपालिका र Saibaba Construction Pvt. Ltd. Rampur, Palpa बिच २०८१/०१/१६ गते सदावर्त बाङ्गेपसल वेझाडखेत हुँदै किसानबारी डुम्री गाँउ बिजयपुर मो.बा. मर्मत कार्यको सम्झौता भई निर्माण कार्य सुरु गरेको तर जग्गा विवादका कारण निर्माण प्रक्रिया अघि नबढेकोले मिति २०८१/०३/०३ को १८ औ कार्यपालिका बैठकबाट २०८१/०६/३० सम्म म्याद थप भएको तर सडक बोर्डको रकम निकासा तथा फरफारक सम्बन्धी परिपत्र आएता पनि समयमै Contractor ले निर्माण कार्यको प्रतिवेदन पेश गर्न नसकेको हुँदा सडक बोर्डबाट रकम निकासा नभएकोले Contractor ले समयमै निर्माण नसकेको हुँदा २०८१/०६/३० देखि नियमानुसार हर्जना(जरिवाना) लगाइ समपुरक कोषबाट खर्च गर्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व.२०८२/०८३ देखि रामपुर नगरपालिका वडा नं. ५ स्थित तपसिल बमोजिमका बाटोहरुको नाम, वर्ग र मिटर उल्लेख हुने गरी कायम गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | बाटोको नाम | वर्ग | कैफियत |
|---|---|---|---|
| १ | कृषि लाईनको दाँया - बाँया पर्ने घडेरी योग्य जग्गाहरु | निर्णय नं २को ८को घ | |
| २ | रविन पथ | निर्णय नं २ को ८को ङ | ४ मी.भन्दा मुनीका गल्ली |
| ३ | राम पथ | निर्णय नं २ को ८को ङ | ४ मी.भन्दा मुनीका गल्ली |
| ४ | कालिगण्डकी पथ | निर्णय नं २ को ८को ङ | ४ मी.भन्दा मुनीका गल्ली |
| ५ | पुष्पा होटल देखी उत्तर तर्फको मो.बा. | निर्णय नं २ को ८को ङ | ४ मी.भन्दा मुनीका गल्ली |

